# दैनिक कार्यको जानकारी

**मितिः २०८२/०२/०१**

**भाषा, ब्रीजकोर्ष र शैक्षिक परामर्श सम्वन्धी व्यवसायी संस्थाहरुसँग मौजुदा निर्देशिका र भावी कानूनी व्यवस्था सम्वन्धी सुझाव संकलनका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न**

२०८२ जेष्ठ १ गतेका दिन सामाजिक विकास मन्त्रालयको आयोजनामा भाषा, ब्रीजकोर्ष र शैक्षिक परामर्श सम्वन्धी व्यवसायी संस्थाहरुका पेशागत संस्थाका प्रतिनिधिहरुसँग भाषा , ब्रीजकोर्ष र शैक्षिक परामर्श सम्वन्धी व्यवसायी संस्थाहरुसँग मौजुदा निर्देशिका र भावी कानूनी व्यवस्था सम्वन्धी सुझाव संकलन अन्तरक्रिया सामाजिक विकास मन्त्रालयमा सम्पन्न भएको छ ।

कार्यक्रम माननीय सामाजिक विकास मन्त्री पाँचकर्ण राईज्यूको विशेष उपस्थितिमा मन्त्रालयका उच्च शिक्षा महाशाखा प्रमुख श्री दामोदर फूयलको संयोजकत्वमा सम्पन्न भएको छ । कार्यक्रममा शैक्षिक परामर्श व्यवसायमा कोशी प्रदेशमा क्रियाशील नेपाल शैक्षिक परामर्श संघ (ECAN, राष्ट्रिय शैक्षिक परामर्श संघ ( NECA), FECON, र शैक्षिक परामर्श व्यवासायी संघ ( EPCAN) का अध्यक्ष, पदाधिकारी र प्रतिनिधिहरु समेत ३२ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा कोशी प्रदेशमा भाषा , ब्रीजकोर्ष र शैक्षिक परामर्श सञ्चालनको अवस्था , कोशी प्रदेश सरकारबाट जारी भएको ब्रिजकोर्श तथा भाषा शिक्षण सम्वन्धी निर्देशिका २०७९, निर्देशिका कार्यान्वयनमा देखिएका समस्या , अन्य प्रदेशमा भएका परामर्श सेवा व्यवस्थापनको अभ्यास तथा मौजुदा निर्देशिकामा गरिनुपर्ने सुधारका सम्वन्धमा व्यवासयिक संस्थाका प्रतिनिधिहहरुबाट सुझाव सहितका धारणाहरु प्रस्तुत गरिएको थियो । सहभागिहरुबाट अन्य प्रदेशमा जस्तै शैक्षिक परामर्श सेवा कोशी प्रदेशले समेत आवश्यक कानूनी व्यवस्था गरी व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त भएको थियो। कार्यक्रममा व्यक्त धारणा तथा सुझावहरुलाई संश्लेषण गर्दै महाशाखा प्रमुख दामोदर फूयलबाट प्रदेश सभाबाट स्वीकृत कानून बन्नुपर्ने धारणा राखु भएको थियो । कार्यक्रममा माननीय मन्त्रीज्यूबाट छलफलमा चासोपूर्वक सहभागिताप्रति कृतज्ञता व्यक्त गर्दै मन्त्रालय शैक्षिक परामर्श सम्वन्धी विधेयक तयारीक्रममा रहेकोले प्राप्त सुझावलाई विधेयकमा समावेश गर्ने प्रतिवद्दता सहित कार्यक्रम सम्पन्न भएको छ ।



